मिति २०७७ साल असार ५ र ६ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री गोविन्द बहादुर पौडेल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**प्रस्तावित विषयहरु:-**

१. गत बैठकको समिक्षा सम्बन्धमा।
२. बजेट, नीति तथा कार्यक्रम सम्बन्धमा।
३. बाघखोर कुटिडाँडा सडक स्तरोन्नति सम्बन्धमा।
४. १५ सैयाको अस्पताल सम्बन्धमा।
५. रकमान्तर सम्बन्धमा।
६. बेरुजु सम्बन्धमा।
७. बिधेयक सम्बन्धमा।
८. पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा सम्बन्धमा।
९. गाउँबेसि कन्सट्रक्सन प्रा.लि.को नविकरण सम्बन्धमा।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
११. COVID-19 राहत सम्बन्धमा।
१२. हेल्थ डेक्स सम्बन्धमा।
१३. क्वारेन्टीन व्यवस्थापन सम्बन्धमा।
१४. विपद् सम्बन्धमा।
१५. विभिन्न समिति गठन सम्बन्धमा।
१६. मालपोत तथा नापि कार्यालय सम्बन्धमा।
१७. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धमा।
१८. विविध

**निर्णयहरु:-**

१. **निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको अवशथामा अझ यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो।

२. **निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा आगामि आर्थिक वर्ष ०७७/७८ को लागि पेश भएको बजेट, नीति तथा कार्यक्रम सभामा पेश गर्न स्वीकृतिको लागि सर्वसम्मतबाट निर्णय गरियो। बजेट नीति तथा कार्यक्रम यसै निर्णय साथ संलग्न छ।

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा बाघखोर कुटिडाँडा सडक स्तरोन्नती योजनामा विनियोजित बजेट अनुसार कार्यसम्पन्न भई फरफराक समेत भईसकेको र सो सडकलाई बाह्रै महिना मोटर गुड्ने योग्य बनाई राख्न अत्यावश्यक थप कार्य गर्नु पर्ने भएको हुँदा यसै आर्थिक वर्षमा कन्टेन्जेन्सी स्रोतबाट भुक्तानि हुने गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँपालिका स्तरीय १५ सैयाको अस्पताल बनाउनको लागि लिखु गाउँपालिका वडा नं. ४ मा रहेको यसम स्वास्थ्य चौकिलाई स्तरोन्नति गरी १५ सैयाको अस्पताल निर्माण गर्ने र सोका लागि आवश्यक जग्गा खरिद गर्ने बहुमतबाट निर्णय गरियो।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम रकम रकमान्तर गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| **चालु खर्च तर्फ** | | | | | |
|---|---|---|---|---|---|
| खर्च संकेत | खर्च शिर्षक | विनियोजित वजेट | संशोधन हुनु पर्ने कारण | हाल कायम रकम | कैफियत |
| २११११ | पारिश्रमिक कर्मचारी | ७७,३५,८७५।०० | करार सेवा शुल्कमा रकम अपुग रु. १२,९९,४७०।००, विविध खर्चमा अपुग रकम रु. ३,००,०००।००, ईन्धन र मर्मतमा रु. २,००,०००।०० र बैठक भत्तामा अपुग रकम रु. २,००,४६०।०० थप गर्नु पर्ने। | ५७,३५,९४५।०० | |
| २११२१ | पोशाक | ७,००,०००।०० | बैठक भत्तामा अपुग रकम रु. ८०,५७७।०० थप गर्नु पर्ने। | ६,१९,४२३।०० | |
| २११३१ | स्थानीय भत्ता | १,३६०,००२।०० | बैठक भत्तामा अपुग रकम रु. १,८५,९६३।०० थप गर्नु पर्ने। | ११,७४,०३९।०० | |
| २११३४ | बैठक भत्ता | ३,००,०००।०० | पारिश्रमिक कर्मचारी, पोशाक र स्थानिय भत्ताबाट, बैठक भत्तामा अपुग रकम रु. ४,६७,०००।०० थप गरेको। | ७,६७,०००।०० | |
| २२७११ | विविध खर्च | ७,००,०००।०० | पारिश्रमिक कर्मचारीबाट, विविध खर्चमा अपुग रकम रु. ३,००,०००।०० थप गरेको। | १०,००,०००।०० | |
| २२४१३ | करार सेवा शुल्क | ७९,६४,१२५।०० | पारिश्रमिक कर्मचारीबाट, करार सेवा शुल्कमा अपुग रकम रु. १२,९९,४७०।०० थप गरेको। | ९२,६३,५९५।०० | |
| २२२१२ | ईन्धन | ५,००,०००।०० | पारिश्रमिक कर्मचारीबाट, ईन्धनमा रु.१,००,०००।०० थप गरेको। | ६,००,०००।०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२२१३ | मर्मत | ७,००,०००।०० | पारिश्रमिक कर्मचारीबाट, मर्मतमा रु.१,००,०००।०० थप गरेको। | ८,००,०००।०० | |

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा आर्थिक वर्ष ०७४/७५ र ०७५/७६ मा अन्तिम लेखा परीक्षण गर्दा महालेखा परीक्षकबाट देखिन आएका बेरुजुहरुलाई नियमित गर्ने सातौ गाउँ सभामा पेश गरीने देहायका प्रस्ताव सर्वसम्मतबाट निर्णय गरियो।

**<u>आर्थिक वर्ष ०७४/०७५</u>**

**१.बेरुजु दफा २७**

लक्षित समुहका लागि विनियोजित बजेट रु. १९,५८,०००।– वितरणमुखि कार्यक्रमको रुपमा खर्च देखिएकोमा अव उपरान्त मागका आधारमा पूँजी निर्माण हुने क्षेत्रमा मात्र खर्च हुने गरि यस पटक उक्त खर्च नियमित गर्ने निर्णय गरियो।

**२. बेरुजु दफा ३५**

प्रचलित कानुन बमोजिम जनप्रतिनिधिहरुलाई भुक्तानी दिइनु पर्नेमा कन्टिजेन्सी तथा चालु खाताबाट थप दिएको भुक्तानी रु. ३३,७३,३००।– यस पटकलाई नियमित गरि आगामी दिनमा प्रदेश कानुन बमोजिम मात्र गर्ने निर्णय गरियो।

**३. बेरुजु दफा ३६**

यस गा.पा.का जनप्रतिनिधिहरुले योजना अनुगमन, तालिम ,गोष्ठी आदिमा लिएको दैनिक भ्रमण भत्ता तथा अनुगमन खर्च बापत लिएको रकम सम्बन्धमा यस गा.पा.द्धारा खर्चको मापदण्ड तयार गरि सकेको र प्रदेश कानुनले समेत व्यवस्थित गरेको हुदाँ अव उपरान्त सोही बमोजिम हुने गरि यस आ.व.मा भएको खर्च रु. २१,१२,७५०।–नियमित गर्ने निर्णय गरियो।

**४. बेरुजु दफा ४६ (२)**

नेपाल सरकार तथा दाताको श्रोत अनुसार क्रमशः ४३ प्रतिशत र ५७ प्रतिशतको आधारमा गरिनु पर्ने खर्च सन्दर्भमा दाताको श्रोतबाट रु. १०,७०,५५९।– बढि खर्च देखिएकामा उक्त खर्च सिंचाई आयोजनाको क्रमागत योजना भएको हुदाँ आ.व. ०७५/०७६ मा श्रोत मिलान गरि सकिएकोले संलग्न भौचर अनुसार उक्त खर्च नियमित गर्ने निर्णय गरियो।

**५. बेरुजु दफा ५९**

वडा अध्यक्षको सिफरिसमा गाउँसभाको स्वीकृती बेगर योजनामा खर्च गरिएको रकम रु.४,७०,०००।– नियमित गरि आगामी वर्षमा गाउँसभा बाट स्वीकृत बजेट बमोजिम मात्र खर्च गर्ने व्यवस्था गर्ने निर्णय गरियो।

**६. बेरुजु दफा ६०,६८,६९**

उपरोक्त दफाहरुमा योजनाको लगत इष्टिमेट अनुसार हेभी इक्वीपमेन्ट तथा मानिसबाट गरिने कार्यको अनुपातमा विलहरु पेश नभएको तर कार्यसम्पन्न प्रतिवेदन अनुसार र वास्तविक मूल्याङ्कन समेतको

आधारमा इस्टिमेट अनुसार कार्य पनि सम्पन्न भएकोले भविष्यमा यथार्थपरक लगत इस्टिमेट तयार गरि सोही बमोजिम योजना सञ्चालन गर्नै निर्देशन दिदै दफा ६०,६८,६९ मा देखिएको बेरुजु रकम क्रमशः रु. ९७,४६८।–, रु ३१,७७३ र रु२,१६,८७१।– नियमित गर्नै निर्णय गरियो ।

**७. बेरुजु दफा ७०,७२,७३ र ७५**

गाउँसभाबाट स्वीकृत बजेट बमाजिम खर्च हुनु पर्ने मान्यता विपरित एउटा योजनामा छुट्याइएको बजेट अर्को योजनामा खर्च गरिएको तथा गाउँसभाको बाडँफाडमा नपरेको योजनामा समेत भुक्तानी दिएको पाइएकोले आगामी वर्षमा गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अनुसार मात्र योजना सञ्चालन तथा व्यवस्था हुन निर्देश गर्दे यस पटकलाई दफा ७०,७२,७३ र ७५ मा राखिएको बेरुजु रकम क्रमशः रु. २५,०००।–, ५०,०००।–, १,५०,०००।– र ११,००,०००।– नियमित गर्ने निर्णय गरियो ।

**८. बेरुजु दफा ६४**

आ.व. २०७४/७५ मा गाम्नाङटार खानेपानी मुहान संरक्षणको लागि रु. ५,००,०००।– र माश्तापानी खा.पा. ट्याङ्की निर्माणका लागि १,५०,०००।– गाउँ सभाबाट विनियोजन भएकोमा वडा कार्यालयको निर्णयानुसार शिर्षकान्तर गरि गाम्नाङटार खानेपानी मुहान संरक्षणका लागि १,५०,०००।– र राम्चे तेर्से सिद्धथान फलाटे सडक निर्माणका लागि ५,००,०००।– विनियोजन गरि खर्च गरेकोमा अब उपरान्त गाउँसभा बाट स्वीकृत बजेट बमोजिम मात्र कार्य गर्ने गरि यस पटकलाई नियमित गर्ने निर्णय गरियो ।

**९. बेरुजु दफा ८३**

आ.व. ०७४/०७५ मा विनियोजित चिनटार सिंचाई योजना रु ३,००,०००।– शिर्षकान्तर गरि भकारे ढुङ्गा चिनटार सडक योजनामा गाउँसभाबाट स्वीकृत नलिई खर्च गरेकोमा यस पटकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**आर्थिक वर्ष ०७५/०७६**

**१. बेरुजु दफा २२**

महिला स्वास्थ्य स्वयंसेविकालाई गोष्ठी भत्ताको रुपमा लेखिएको खर्चको ४,९२,०००।–को सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार लक्षित वर्गका लागि विनियोजित बजेट मागका आधारमा पूँजी निमार्णमा खर्च गरिनुपर्नेमा अब उपरान्त सोही बमोजिम गर्ने गरि उक्त खर्च यस पटकलाई मात्र अनुमोदन गरियो ।

**२. बेरुजु दफा २९**

एम.आई.एस. प्रणलीमा प्रविष्टि नगरि वितरण गरिएको ४,४९,६००।– सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिको नाम लगायतका वितरण सो प्रणलीमा प्रविष्टि गरि सकिएकोले उक्त खर्च नियमित गर्ने निर्णय गरियो ।

**३.बेरुजु दफा ३९**

एकमुष्ट खरिद योजना नबनाई नियमित नभएको खर्च जम्मा रु.४७,२३,९८२।– अब उपरान्त सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरि खर्च गर्ने गरि यस पटकलाई नियमित गर्ने निर्णय गरियो ।

**४.बेरुजु दफा ४०**

अध्यक्षको तोक आदेश बमोजिम भएको खर्च रु.२१,८१,४८८।– तर्फ कार्यपालिका तथा सभाको गम्भीर ध्यानाकर्षण भएको र अब उपरान्त प्रचलित कानुन एवं बजेट सिद्धान्त बमोजिम मात्र खर्च गर्ने गरि उक्त खर्च नियमित गर्ने निर्णय गरियो ।

**५.बेरुजु दफा ५२**

विनियोजित बजेट अनुरुप खर्च गरिनुपर्नैमा पूँजीगत बजेट बाट ३५,०००।–चालु तर्फ खर्च गरिएकोमा हाललाई उक्त खर्च नियमित गर्नको साथै उपरान्त विनियोजित बजेट अनुरुप मात्र खर्च गर्ने निर्णय गरियो ।

**६.बेरुजु दफा ५३**

प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु.१,३५,००,०००।– आर्थिक वर्षको अन्त तिर मात्र प्राप्त भएको हुदाँ बोलपत्रको माध्यमले खरिद गरि निर्माण कार्य गर्न समय अभाव हुने भएकोले भविष्यमा समयमा नै रकम प्राप्त गरि प्रतिस्पर्धा सिमित नहुने गरि प्रचलित खरिद कानुन बमोजिम गर्ने गरि यस पटकलाई उक्त खर्च नियमित गर्ने निर्णय गरियो ।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा देहायका विधेयक सातौ गाँउ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

- आर्थिक विधेयक, २०७७
- विनियोजन विधेयक, २०७७
- व्यावसाय दर्ता ऐन संशोधन विधेयक, २०७७

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिका भित्र रहेका १६ देखि २३ महिनाका सम्पूर्ण बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार देहाय बमोजिमका वडाहरुमा सम्पूर्ण खोप पुरा गरेको व्यहोरा स्वास्थ्य संस्था प्रमुख तथा वडाध्यक्षहरु मार्फत प्रमाणित भई आएकोले यस गाउँपालिकालाई पुर्णखोप दिगोपना सुनिश्चितता घोषणा गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | वडा नं. | १६-२३ महिनाका बच्चा संख्या |
|---|---|---|
| १ | १ | १० |
| २ | २ | १२ |
| ३ | ३ | १३ |
| ४ | ४ | ९ |
| ५ | ५ | १० |
| ६ | ६ | २१ |
| ७ | ७ | १६ |
| ८ | ८ | २७ |
| ९ | ९ | ३३ |

| | |
|---|---|
| जम्मा | १५१ |

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा गाउँबेशी कन्सट्रक्सन प्रा.लि.ले COVID-19 माहामारीको कारण भएको बन्दाबन्दीले गर्दा समयमै यस गाउँ कार्यपालिका कार्यालयमा आई आफ्नो निर्माण व्यवसायी ईजाजतपत्र नविकरण गर्न नसकेको व्यहोरा जनाई निवेदन दिई हाल नविकरण गर्न आएकोले नियमानुसार थप जरिवाना लिई नविकरण गरि दिने सर्वसम्मतबाट निर्णय गरियो ।

१०. **निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा देहायका निर्णय सर्बसम्मतबाट पारित गरियो ।

- बेरोजगारहरुको सूचीकरण तथा योजना छनौटका लागि प्रचलित कार्यविधि अनुसार सबै वडा कार्यालयहरुले समयमै बेरोजगारहरुको सूची तथा योजनाहरु छनौट गरि गाउँ कार्यपालिकामा पठाउने ।
- युवा रुपान्तरणका लागि पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित आयोजना अन्तर्गत शसर्त अनुदानको रुपमा प्राप्त भएको कार्यक्रममा थप सहयोग पुग्ने गरी गाउँपालिकाको नीति बजेट तथा कार्यक्रममा उल्लेख गरि सातौ गाउँसभामा प्रस्ताव पेश गर्ने ।

११. **निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा COVID-19 को कारणले सिर्जना भएको असहज परिस्थितिको सामना गर्न गाउँ कार्यपालिकाको निर्णय अनुसार घोषणा गरिएको राहत प्याकेज अन्तर्गत विभिन्न संघ संस्थाबाट प्राप्त भएको तथा यस गाउँपालिकाबाट समेत खरिद गरिएको राहत सामाग्रिहरु (प्रति परिवार ३० के.जि. चामल, ३ के.जि. दाल, २ के.जि. नुन, २ के.जि. चिनि, ४ थान साबुन) प्रत्येक वडामा मागका आधारमा देहाय बमोजिम वितरण गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | वडा नं. | राहत लाभग्राही परिवार |
|---|---|---|
| १ | १ | १६ |
| २ | २ | ३२ |
| ३ | ३ | २७ |
| ४ | ४ | ३० |
| ५ | ५ | ३० |
| ६ | ६ | २८ |
| ७ | ७ | २७ |
| ८ | ८ | २८ |
| ९ | ९ | ३२ |
| | जम्मा | २५० |

**१२.निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा COVID-19 को माहमारी नियन्त्रण गर्न यस गाउँपालिकाको सिरिसे र साघुँटार नाकामा सञ्चालन गरिएको हेल्थ डेक्स हाललाई अर्को निर्णय नभए सम्मको लागि बन्द गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**१३.निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा COVID-19 को माहमारी बढि रहेको बिषम परिस्थितिलाई मध्यनजर गर्दै बिदेशबाट आएका व्यक्तिहरुलाई क्वारेन्टीनमा राख्ने व्यवस्थाको लागि प्राथमिकताका आधारमा क्रमशः यस गाउँपालिका वडा नं. ४ को यसम मा.वि. यसम विद्यालय, वडा नं. ६ को ग्रा.यु.सि. मा.वि. विद्यालय तथा वडा नं. ३ को भिमशेनस्थान मा.वि. विद्यालयमा आवश्यकता अनुसार क्वारेन्टीन बेडको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**१४.निर्णय नं. १४,** प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा विपद्को कारणले क्षति भएको अवश्थालाई मध्यनजर गर्दै स्थानीय विपद् व्यावस्थापन समितिले आवश्यक निर्णय गरि गाउँ कार्यपालिकाको कार्यालयमामा सिफारिस गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**१५.निर्णय नं. १५,** प्रस्ताव नं. १५ माथि आवश्यक छलफल गर्दा देहायका समिति गठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

(क) **बजार व्यवस्थापन तथा सञ्चालन समिति**

लिखु गाउँपालिका वडा नं. ४ को धौलेगैरामा निर्माण भई रहेको पालिका स्तरीय बजार, व्यवस्थापन तथा सञ्चालन गर्नको लागि देहाय बमोजिमको ७ सदस्य समिति गठन गर्ने।

- संयोजकः- उपाध्यक्ष
- सदस्यः- ४ र ५ नं. वडाध्यक्ष मध्ये १ जना (श्री गोपाल खत्री)
- सदस्यः- कार्यपालिका सदस्य मध्ये १ जना महिला सहित जम्मा ३ जना (श्री गोपाल खड्का, श्री सिता खत्री, श्री मावर सुनुवार)
- सदस्यः- योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख
- सदस्य-सचिवः- उद्योग तथा उद्यमशीलता विकास उप-शाखा प्रमुख

**(ख) १५ सैया अस्पताल जग्गा खरिद समिति**

१५ सैया अस्पताल निर्माणको लागि जग्गा व्यवस्थापन गर्न देहाय बमोजिमको ५ सदस्य समिति गठन गर्ने र सो समितिले प्रचलित कानून बमोजिम यस गाउँपालिकाको वडा नं. ४ अन्तर्गत पूर्व पाण्डेखोला, पश्चिम कुभिन्डेडाँडा, उत्तर खाल्टे जाने सडक र दक्षिण गाम्नाङ् जाने माथिल्लो सडक क्षेत्र भित्रको उपयुक्त जग्गा खरिदका लागि १ महिना भित्र गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने साथै समितिलाई नियमानुसार सेवा सुविधा कार्यालयले उपलब्ध गराउने।

- संयोजकः- श्री शान्ता ढुंगेल (गा.पा. उपाध्यक्ष)
- सदस्यः- श्री घन बहादुर कार्की (४ नं. वडाध्यक्ष)

- सदस्यः- श्री लाल बहादुर कार्की (समाजसेवी)
- सदस्यः- श्री खिलामाया लामिछाने (महिला तथा समाजसेवि)
- सदस्य-सचिवः- श्री रविशंकर कुमार दास (ईन्जिनियर)

१६.**निर्णय नं. १६,** प्रस्ताव नं. १६ माथि आवश्यक छलफल गर्दा मालपोत तथा नापि कार्यालय यस गाउँपालिकामा ल्याउन आवश्यक पहल गर्न सभाबाट अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१७.**निर्णय नं. १७,** प्रस्ताव नं. १७ माथि आवश्यक छलफल गर्दा आगामी आ.व.का लागि प्रस्ताव गरिएको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम स्वास्थ्य चौकी गाम्नाङ्टारमा कार्यान्वयन गर्ने बहुमतबाट निर्णय गरियो।

१८.**निर्णय नं. १८,** प्रस्ताव नं. १८ माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो।